सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २८२ ♦ २०८३ साल असार १३ शनिवार ♦ 27 Jun 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेश सरकार : खर्च नियन्त्रण नीति मन्त्रिपरिषद्बाट खारेज

**खबर दर्पण समाचारदाता**

**असार १२ गते, बर्दिवास**

मधेश प्रदेश सरकारले खर्च नियन्त्रण तथा वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले अर्थ मन्त्रालयले गरेको निर्णय खारेज गरेको छ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले अर्थ मन्त्रालयले २६ जेठमा मन्त्रीस्तरीय रूपमा गरेको निर्णयलाई निष्क्रिय बनाउने निर्णय गरेको हो।

गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोका अनुसार मन्त्रिपरिषद् बैठकमा एक मात्र निर्णय गर्दै अर्थ मन्त्रालयको उक्त निर्णय खारेज गरिएको हो। "शुक्रबारको क्याबिनेटमा एउटा मात्रै निर्णय भयो, अर्थ मन्त्रालयले २६ जेठमा गरेको निर्णय खारेज गर्ने," उनले जानकारी दिए।

सत्ता गठबन्धन परिवर्तनपछि अर्थमन्त्री बनेका नेकपा दलका नेता युवराज भट्टराईले २६ जेठमा खर्च नियन्त्रणसम्बन्धी विभिन्न निर्णय गरेका थिए। उनले १० लाख रुपैयाँसम्मका योजनाको कार्यान्वयन रोक्ने, २५ जेठसम्म सम्झौता भएका योजनाको मात्रै भुक्तानी गर्ने तथा त्यसपछि सम्झौता भएका योजनाको भुक्तानी नगर्ने व्यवस्था गरेका थिए।

सो निर्णय कार्यान्वयनका लागि मन्त्रालय, सचिवालय, आयोग, प्रतिष्ठान तथा अन्य सरकारी निकायलाई परिपत्रसमेत गरिएको थियो। निर्णयअनुसार कार्यालय सामग्री तथा मसलन्द खरिदतर्फ बाँकी बजेटको ३० प्रतिशत कटौती गरिएको थियो भने इन्धन, सवारीसाधन तथा मेसिनरी मर्मत, सूचना प्रकाशन, कार्यक्रम सञ्चालन, तालिम,






परामर्श, विज्ञापन र भ्रमणलगायत शीर्षकमा बाँकी बजेटको ५० प्रतिशत रकम रोक्का गरिएको थियो।

त्यस्तै सवारीसाधन तथा मेसिनरी खरिद, वन तथा वातावरण संरक्षण, संरचना निर्माण, सूचना प्रणाली तथा सफ्टवेयर स्थापना, विभिन्न संस्थालाई अनुदान, पशुपन्छी तथा बागवानी विकास र विद्युत् संरचना निर्माणलगायत शीर्षकमा खर्च हुन बाँकी सम्पूर्ण रकम रोक्का गर्ने व्यवस्था गरिएको थियो।

अर्थ मन्त्रालयको उक्त निर्णयपछि मुख्यमन्त्री कृष्णप्रसाद यादवसहित मन्त्रीहरू असन्तुष्ट बनेका थिए। मन्त्री तथा कर्मचारीहरूले निर्णयका कारण नियमित कामकाज प्रभावित भएको गुनासो गर्दै आएका थिए।

विशेषगरी १० लाख रुपैयाँसम्मका साना योजनामा पूर्ण रोक लगाइएपछि विकास निर्माणका काम प्रभावित भएको भन्दै विरोध बढेको थियो। अर्थमन्त्री भट्टराईले वित्तीय अनुशासन कायम गर्ने, अनावश्यक खर्च घटाउने र साना योजनाको नियन्त्रण गर्ने उद्देश्यले उक्त निर्णय गरेका थिए।

तर मन्त्रिपरिषद्बाटै निर्णय खारेज भएपछि अर्थ मन्त्रालयले अघि सारेको खर्च नियन्त्रण नीति तत्कालका लागि रोकिएको छ। यससँगै रोकिएका कार्यक्रम तथा खर्च प्रक्रिया पुनः सञ्चालनमा आउने सम्भावना देखिएको छ।

## मधेश प्रदेशमा असारको दोस्रो सातामा धानको रोपाई ४.३६ प्रतिशत

**खबर दर्पण समाचारदाता**

**असार १२ गते, बर्दिवास**

मधेश प्रदेशका जिल्लाहरूमा असारको दोस्रो साता बित्न लाग्दा पनि हालसम्म धानको रोपाई ४.३६ प्रतिशतले मात्र भएको छ ।

मधेश प्रदेशका कृषि विकास निर्देशनालयका सूचना अधिकारी सुदिप चौधरीले मधेश प्रदेशका जिल्लाहरूमा धान रोपाई हुने ३ लाख ८२ हजार ४ सय ३३ हेक्टर भूमि मध्ये हिजोको मितिसम्ममा १६ हजार ७ सय ११ हेक्टरमा धान रोपाई भएको जानकारी दिनु भएको हो ।

कृषि ज्ञान केन्द्र पर्सा तथा रौतहटबाट धान रोपाइको विवरण प्राप्त नभएको निर्देशनालयले जानकारी दिँदै सबैभन्दा बढी धानको रोपाई महोत्तरी जिल्लामा भएको छ । महोत्तरी जिल्लामा ३ हजार ३ सय ६६ हेक्टर क्षेत्रफलमा धान रोपाई भएको छ । महोत्तरीमा धान खेती हुने कूल क्षेत्रफलको ८.१७ प्रतिशतले धान रोपाई भएको छ ।

यस पटक पटक पटक पानी परेपनि धानको बेर्ना पूर्ण रुपमा तयार नभएको कारणले धानको रोपाइले गति नदिएको मधेश प्रदेशका कृषि विकास निर्देशनालयले जानकारी दिएको छ। जिल्लागत रुपमा सबै भन्दा कम रोपाई सर्लाही जिल्लामा भएको छ। सर्लाहीमा धान खेती हुने क्षेत्रफलको २.५ प्रतिशतले रोपाई भएको छ ।

सिरहा जिल्लामा धान खेती हुने क्षेत्रफल मध्ये ५ प्रतिशत अर्थात् २ हजार ७ सय हेक्टरमा धान रोपाई भएको छ । धनुषा जिल्लामा धान खेती हुने क्षेत्रफल मध्ये ३ हजार ५९ हेक्टर अर्थात् ७ प्रतिशत क्षेत्रफलमा धान रोपाई भएको छ । यसै गरि सप्तरी जिल्लामा धान खेती हुने क्षेत्रफल मध्ये ३ हजार ४ सय हेक्टर अर्थात् ५ प्रतिशतमा धान रोपाई भएको छ ।



धान उत्पादनको दृष्टिकोणले अग्रणी प्रदेशको रुपमा मधेश प्रदेश भएपनि धानको रोपाई अपेक्षा अनुसार कम रहेको छ। असार १५ पछि धानको रोपाई बढ्ने अनुमान गरिएको छ । मधेश प्रदेशका जिल्लाहरूमा ढिलो गरि धानको रोपाई हुने चलन केही वर्ष देखि बढ्दै गएको छ ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, …त्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डायरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,

✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प

✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# महोत्तरीमा जग्गाको न्यूनतम मूल्य निर्धारण प्रक्रिया सुरु, नागरिकसँग सुझाव माग

**खबर दर्पण समाचारदाता**

**असार १२ गते, बर्दिवास**

महोत्तरी जिल्लामा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि जग्गाको न्यूनतम मूल्य निर्धारण गर्ने प्रक्रिया सुरु भएको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले सार्वजनिक सूचना जारी गर्दै सरोकारवाला निकाय, स्थानीय तह तथा सर्वसाधारण नागरिकसँग राय, सुझाव र आवश्यक विवरण उपलब्ध गराउन आग्रह गरेको छ ।

मालपोत नियमावली, २०३६ को नियम ५(ख) बमोजिम जिल्लाका भूमि प्रशासन कार्यालयहरूमा रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनका लागि न्यूनतम मूल्य निर्धारण समितिले जग्गाको मूल्य पुनरावलोकन गर्ने कार्य अघि बढाएको जनाएको छ ।

जिल्ला प्रशासन कार्यालयका अनुसार जग्गाको न्यूनतम मूल्यलाई यथार्थपरक, वस्तुगत, समयसापेक्ष तथा व्यवहारिक बनाउने उद्देश्यले सम्बन्धित पक्षबाट सुझाव संकलन गर्न लागिएको हो । प्राप्त सुझाव तथा विवरणलाई अध्ययन र विश्लेषण गरी प्रचलित कानुनअनुसार मूल्य निर्धारण प्रक्रियामा समावेश गरिने जनाइएको छ ।

कार्यालयले सम्बन्धित स्थानीय तहहरूमार्फत आगामी असार २२ गतेभित्र राय, सुझाव तथा आवश्यक विवरण पठाउन अनुरोध गरेको छ । यस प्रक्रियाले जिल्लाभित्रको जग्गा कारोबारलाई थप पारदर्शी र वास्तविक बजार मूल्यसँग नजिक बनाउने विश्वास गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले भूमि कारोबारसँग प्रत्यक्ष सरोकार राख्ने व्यक्ति, व्यवसायी, स्थानीय जनप्रतिनिधि तथा नागरिकलाई सहभागिता जनाउन आग्रह गरेको छ ।

# रास्वपा महाधिवेशन : यी हुन् रास्वपाका निर्वाचित पदाधिकारी

**खबर दर्पण समाचारदाता**

**असार १२ गते, बर्दिवास**




राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का पदाधिकारीको चुनावी नतिजा आएसँगै प्रथम महाधिवेशन लगभग सकिएको छ ।

अब निर्वाचित केन्द्रीय सदस्य र पदाधिकारीले शपथ लिन बाँकी छ ।

रास्वपाको सभापतिमा रवि लामिछाने निर्विरोध निर्वाचित भएका छन् । त्यस्तै, खुलातर्फको उपसभापतिमा स्वर्णिम वाग्ले निर्विरोध निर्वाचित भएका छन् ।

शुक्रबार भएको बाँकी पदाधिकारीको चुनावमा महिलातर्फ उपसभामतिमा सोविता गौतम निर्वाचित भइन् । त्यस्तै, महामन्त्रीमा विपिन आचार्य निर्वाचित भएका छन् । सहमहामन्त्रीमा खुलातर्फ हरि ढकाल र असिम शाह निर्वाचित भए भने महिला कोटातर्फको सहमहामन्त्रीमा निशा डाँगी निर्वाचित भएकी छन् ।

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
जलेश्वर
नगरपालिका,महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
रामगोपालपुर
नगरपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
बर्दिबास
नगरपालिका,महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
गौशाला नगर पालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
मनरा सिस्वा
नगरपालिका,महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
मटिहानी
नगरपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
औरही नगरपालिका
महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
सोनमा गाउँपालकि,
धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
एकडारा गाउँपालिका,
महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
लोहारपट्टी
नगरपालिका,महोत्तरी

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
बलवा
नगरपालिका, महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
भंगहा
नगरपालिका, महोत्तरी

छोरा छोरीमा भेदभाव
छोरीलाई स्कूल पठाऔं ।छोरी लाई उच्च शिक्षा दिलाऔं ।
सम्सी गाउँपालिका,
महोत्तरी

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
पिपरा
गाउँपालिका, महोत्तरी

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
महोत्तरी
गाउँपालिका, महोत्तरी

# उमेर पुगेर विवाह गर्ने मुसहर दम्पतीलाई वर्दिबास नगरद्वारा ५१ हजार

**माधव पौडेल**

**असार १२ गते, बर्दिवास**

बालविवाह न्यूनीकरण र उमेर पुगेपछि मात्र विवाह गर्ने संस्कृतिलाई प्रोत्साहन गर्ने उद्देश्यले वर्दिबास नगरपालिकाले मुसहर समुदायका एक दम्पतीलाई नगद ५१ हजार रुपैयाँसहित सम्मान गरेको छ। नगरपालिकाको नीति तथा कार्यक्रमअनुसार नगरभित्रका मुसहर, चमार तथा डोम समुदायका छोरीहरूले २० वर्षको उमेर पूरा भएपछि विवाह गरेमा प्रोत्साहनस्वरूप ५१ हजार रुपैयाँ प्रदान गर्ने व्यवस्था गरिएको छ।

यस कार्यक्रमअन्तर्गत वर्दिबास नगरपालिका-१२ विजलपुराकी २४ वर्षीया करिश्मा कुमारी सदा मुसहर र गौशाला नगर पालिका-७ निवासी २४ वर्षीय जयकुमार सदा मुसहर सम्मानित भएका हुन्। करिश्माका बुबा भोला सदा मुसहर र आमा बबुआवती सदाले छोरीलाई कानुनी उमेर पुगेपछि मात्र विवाह गराएका हुन्।

सामान्य खेतीपाती गरेर जीविकोपार्जन गर्ने परिवारका करिश्माले उच्च माध्यमिक तहसम्म अध्ययन गरेकी छन्। उनका परिवारका अनुसार पुरस्कार प्राप्त गर्ने उद्देश्यभन्दा पनि छोरीलाई शिक्षित र आत्मनिर्भर बनाउने सोचका साथ उमेर पुगेपछि मात्रै विवाह गराइएको हो। विवाहपछि पनि आफ्नो भविष्य र करिअरलाई कसरी अघि बढाउने भन्ने विषयमा उनी सचेत रहेको परिवारको भनाइ छ।

नगरप्रमुख प्रह्लाद क्षेत्रीका अनुसार वर्दिबासलाई बालविवाहमुक्त नगरपालिका घोषणा गर्ने अभियान अन्तिम चरणमा पुगेको छ। आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायमा सकारात्मक सन्देश प्रवाह गर्न यस्तो प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको उनले बताए।



उनले उमेर पुगेपछि मात्र विवाह गर्ने परम्पराको विकास भएमा छोरीहरूको शिक्षा, स्वास्थ्य तथा समग्र जीवनस्तरमा सकारात्मक प्रभाव पर्ने उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताए।

छोरा छोरीमा भेदभाव नगरौं ।
छोरीलाई स्कूल पठाऔं।छोरीलाई उच्च शिक्षा दिलाऔं।
धनुषाधाम नगरपालिका,धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
विदेह नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं ।
छोरीलाई स्कूल पठाऔं।छोरीलाई उच्च शिक्षा दिलाऔं।
औरही गाउँपालिका, धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
वटेश्वर गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
लक्ष्मीनियाा गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
नगराईन नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
सबैला नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
कमला नगरपालिका धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
मिथिला विहारी नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं ।
छोरीलाई स्कूल पठाऔं।छोरीलाई उच्च शिक्षा दिलाऔं।
हंसपुर नगरपालिका,धनुषा

छोरा छोरीमा भेदभाव नगरौं ।
छोरीलाई स्कूल पठाऔं।छोरीलाई उच्च शिक्षा दिलाऔं।
मिथिला नगरपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
शहिद नगर नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव
छोरीलाई स्कूल पठाऔं।छोरीलाई उच्च शिक्षा दिलाऔं।
जनकनन्दनी गाउँपालिका, धनुषा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो ।
समयमै कर चुक्ता गरौं ।
मुखियापट्टी मुसहरनियाँ गाउँपालिका, धनुषा

स्वास्थ्यको लागि खेलकुद, देशको लागि खेलकुद
खेलकुद, विविधतामा रमाएर बाचौं
धनौजी गाउँपालिका, धनुषा

# मधेस प्रदेश : पोषण कार्यक्रमअन्तर्गतको बजेट र खरिद प्रक्रियालाई लिएर पुनः विवाद

खबर दर्पण समाचारदाता

**असार १२ गते, बर्दिवास**

मधेश प्रदेशको स्वास्थ्य क्षेत्रमा सञ्चालन भइरहेको पोषण कार्यक्रमअन्तर्गतको बजेट र खरिद प्रक्रियालाई लिएर पुनः विवाद उत्पन्न भएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खरिद प्रक्रिया रोक्न निर्देशन दिए पनि स्वास्थ्य निर्देशनालयले करोडौँ रुपियाँ बराबरको पोषण सामग्री खरिद प्रक्रिया अघि बढाएको पाइएपछि मन्त्रालय र मातहतको निकायबीच समन्वय तथा प्रशासनिक अनुशासनमाथि प्रश्न उठेको हो।

स्वास्थ्य निर्देशनालयले गत जेठ ७ गते बालबालिका, गर्भवती तथा सुत्केरी महिलाका लागि 'खानका लागि तयार पोषणयुक्त खाद्य सामग्री' खरिद गर्न करिब ७ करोड रुपियाँ बराबरको बोलपत्र आह्वान गरेको थियो। उक्त प्रक्रिया पोषण कार्यक्रमका लागि थप बजेट रकमान्तर भएपछि अघि बढाइएको जनाइएको छ।

बोलपत्र आह्वानपछि प्राविधिक प्रस्ताव मूल्याङ्कनको कामसमेत सम्पन्न भइसकेको थियो। तर, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जेठ २९ गते निर्देशनालयलाई पत्र पठाउँदै खरिद प्रक्रिया तत्काल रोक्न र बोलपत्र रद्द गर्न निर्देशन दिएको थियो।

मन्त्रालयले महालेखा परीक्षकको प्रतिवेदनमा विगतका पोषण कार्यक्रमको प्रभावकारिता र औचित्य पुष्टि हुन नसकेको उल्लेख गर्दै थप अध्ययन आवश्यक रहेको जनाएको थियो। साथै, पोषण सामग्री खरिदसम्बन्धी विभिन्न गुनासा प्राप्त भएकाले प्रक्रिया पुनरावलोकन गर्नुपर्ने मन्त्रालयको भनाइ थियो। मन्त्रालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (१) अनुसार बोलपत्र रद्द गर्न निर्देशन दिएको थियो। मन्त्रालयका वरिष्ठ उपसचिव राजेश मिश्रद्वारा हस्ताक्षरित पत्रमा चालु आर्थिक वर्षभित्र आवश्यक अध्ययन सम्पन्न गरी खरिद प्रक्रिया अघि बढाउन समय अभाव हुने भएकाले तत्काल प्रक्रिया रोक्न भनिएको उल्लेख छ।

तर, मन्त्रालयको निर्देशनपछि पनि स्वास्थ्य निर्देशनालयले खरिद प्रक्रिया निरन्तरता दिएको देखिएको छ। निर्देशनालयले असार ४ गते सूचना जारी गर्दै प्राविधिक मूल्याङ्कनबाट छनोट भएका कम्पनीहरूको आर्थिक प्रस्ताव खोल्ने मिति सार्वजनिक गरेको थियो। जसअनुसार नेपाल हेल्थ फुड इन्डस्ट्रिज प्रालि तथा एटीएच एन्ड विराट एग्रो सप्लायर्सको आर्थिक प्रस्ताव असार १० गते खोल्ने तयारी गरिएको थियो।

यस घटनाले मन्त्रालय र निर्देशनालयबिचको निर्णय प्रक्रियामा देखिएको असहमति सार्वजनिक भएको छ। मन्त्रालयले रोक्न निर्देशन दिएको अवस्थामा निर्देशनालयले प्रक्रिया अघि बढाउनु प्रशासनिक दृष्टिले असामान्य मानिएको छ।

स्वास्थ्य निर्देशनालयका निर्देशक सरोज न्यौपानेले भने आवश्यकताको आधारमा कानुनी प्रक्रिया पूरा गरेर खरिद प्रक्रिया अघि बढाइएको बताउनुभयो। उहाँका अनुसार मधेस प्रदेशका १३६ वटै स्थानीय तहबाट पोषण सामग्री आवश्यकताको विवरण माग गरिएको थियो।

"स्थानीय तहबाट प्राप्त माग र आवश्यकताको विवरणलाई आधार बनाएर खरिद प्रक्रिया अघि बढाइएको हो," उहाँले भन्नुभयो।

मन्त्रालयको निर्देशन अवज्ञा गरिएको भन्ने आरोप अस्वीकार गर्दै निर्देशक न्यौपानेले आफूहरूले प्रचलित कानुनअनुसार काम गरिरहेको दाबी गर्नुभएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र साहले भने मन्त्रालयको निर्णयविपरीत काम भएको भए विषय गम्भीर हुने बताउनुभएको छ। "यदि मन्त्रालयको निर्देशन पालना नभएको हो भने त्यो गम्भीर विषय हो। यसबारे जानकारी लिएर आवश्यक निर्णय लिइनेछ," उहाँले भन्नुभयो।

मन्त्रालयका अनुसार प्रारम्भिक चरणमा मन्त्रालयकै सहमति र प्रक्रियाअनुसार खरिद अघि बढाइएको थियो। तर, प्रदेश सरकारमा पटक-पटक भएको राजनीतिक परिवर्तनका कारण समयमै निर्णय हुन नसकेको हो। आर्थिक वर्षको अन्त्यतिर आएर प्रक्रिया रोक्न निर्देशन दिनु व्यवस्थापकीय कमजोरीको परिणाम भएको बताइएको छ।

मधेस प्रदेशमा पोषण कार्यक्रमअन्तर्गत हरेक वर्ष ठुलो बजेट खर्च हुँदै आएको छ। तर, खर्चको प्रभावकारिता र उपलब्धिबारे भने प्रश्न उठ्दै आएका छन्।

स्वास्थ्य निर्देशनालयका अनुसार चालु आर्थिक वर्षमा राष्ट्रिय योजना आयोगबाट प्राप्त सशर्त अनुदानअन्तर्गत करिब ५ करोड रुपियाँ पोषण कार्यक्रमका लागि खर्च गरिएको छ। त्यसमध्ये दुई करोड ४० लाख रुपियाँ संवाद कार्यक्रम, सडक नाटक, सचेतनामूलक अभियान तथा होर्डिङ बोर्ड निर्माणमा खर्च गरिएको जनाइएको छ। बाँकी ३ करोड ६० लाख रुपियाँ बराबरको पोषण सामग्री खरिद प्रक्रिया अघि बढाइएको निर्देशनालयले जनाएको छ।

चालु आर्थिक वर्षमा मधेस प्रदेश सरकारले पोषण शीर्षकमा छुट भुक्तानीका लागि ९७ करोड ६० लाख रुपियाँ विनियोजन गरेपछि कार्यक्रमको प्रभावकारितामाथि विभिन्न क्षेत्रबाट प्रश्न उठेको थियो।

महालेखा परीक्षकको प्रतिवेदनले समेत विगतका पोषण कार्यक्रमको उपलब्धि अपेक्षित रूपमा देखिन नसकेको उल्लेख गरेको अवस्थामा पुनः करोडौँ रुपियाँको खरिद प्रक्रिया विवादमा तानिएको हो।

मन्त्रालयको निर्देशनपछि पनि आर्थिक प्रस्ताव खोल्ने प्रक्रिया अघि बढ्नुले सार्वजनिक खरिद प्रणालीको पारदर्शिता, जवाफदेहिता र कानुनी प्रक्रियामाथि थप बहस सिर्जना गरेको छ।

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं । छोरीलाई उच्च शिक्षा दिलाऔं ।
लहान नगरपालिका, सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
कर्जन्हा नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं । छोरीलाई उच्च शिक्षा दिलाऔं ।
लालबन्दी नगरपालिका, सर्लाही

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं । छोरीलाई उच्च शिक्षा दिलाऔं ।
मिर्चैया नगरपालिका, सिरहा

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
गोलबजार नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं । छोरीलाई उच्च शिक्षा दिलाऔं ।
धनगढीमाई नगरपालिका, सिरहा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं । छोरीलाई उच्च शिक्षा दिलाऔं ।
जनकपुरधाम उपमहानगरपालिका

नियमित कर तिरी देश, प्रदेश, नगर, गाउँ विकासमा सहभागी बनौं । कर तिर्नु सभ्य नागरिकको पहिचान हो । समयमै कर चुक्ता गरौं ।
क्षीरेश्वरनाथ नगरपालिका, धनुषा

छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई स्कूल पठाऔं । छोरीलाई उच्च शिक्षा दिलाऔं ।
गणेशमान चारनाथ नगरपालिका, धनुषा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,